# राष्ट्रिय विपद् जोखिम कार्ययोजना (२०१६-२०३०)
# पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यसमूह

## राष्ट्रिय विपद् जोखिम नीति

दूरदृष्टि (vision): "बृहत् पूर्वतयारीको माध्यमबाट प्रभावकारी प्रतिकार्य र शीघ्र पुनर्लाभ" ।

ध्येय (mission): विपद् जोखिम न्यूनीकरणको बृहत् पूर्वतयारीबाट प्रभावकारी प्रतिकार्य र शीघ्र पुनर्लाभ ।

लक्ष्य (goal): पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका चरणहरूको प्रभावकारी व्यवस्थापनबाट विपद् जोखिम न्यूनीकरण गर्दै जनधन र भौतिक पूर्वाधारहरूको विपद्जन्य क्षति न्यूनीकरण गर्ने ।

उद्देश्य (objective) र नीति (policy)

| उद्देश्य | नीति |
|---|---|
| १. विपद् जोखिमको पहिचान, मापन, आवधिक विश्लेषण र विपद्प्रतिको जनचेतना अभिवृद्धि गरी विपद् जोखिमको बुझाइ व्यापक बनाउनु । | १.१ विपद् जोखिमको समयबद्ध पहिचान र मापन गर्नु । |
| | १.२ विपद् जोखिमको आवधिक र नियमित मूल्यांकन, विश्लेषण र तिनको व्यापक सार्वजनिकीकरण गर्नु । |
| | १.३ विपद् जोखिम र संकटासन्नताका सम्बन्धमा शिक्षा, सूचना र सचेतनाको अभिबृद्धि गर्नु । |
| | १.४ विपद् जोखिमको बुझाइ प्रबर्द्धन गर्न क्षमता अभिबृद्धि, सहकार्य र साझेदारीको प्रबर्द्धन गर्नु । |
| २. कानूनी, नीतिगत र संस्थागत कार्य संरचनाहरूको निर्माण वा परिमार्जन गरी विपद् जोखिम सुशासनको प्रत्याभूति गर्नु । | २.१ कानूनी र नीतिगत कार्यसंरचनाहरूको तर्जुमा वा समयसापेक्ष परिमार्जन गरी जोखिम शासनको प्रत्याभूति दिनु । |
| | २.२ विपद् जोखिम व्यवस्थापनसम्बन्धी संस्थागत संरचनाहरूको समयसापेक्ष निर्माण र परिमार्जन गर्नु । |
| | २.३ क्षेत्रगत नीति, कानून र कार्यसंरचनामा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण गर्नु । |
| | २.४ विपद् जोखिम सुशासनका लागि क्षमता अभिबृद्धि, |

| | |
|---|---|
| | सहकार्य र साझेदारी विकास गर्नु । |
| ३. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रबर्द्धन गर्न विकासमा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण गरी जोखिम हस्तान्तरणको प्रबर्द्धन गर्दै लगानी बढाउनु । | ३.१ राष्ट्रिय विकासका नीति र कार्यक्रमहरूमा विपद् जोखिम निर्धारणको मूलप्रवाहीकरण गर्नु । |
| | ३.२ विपद् जोखिमबाट मौजुदा सम्पत्ति (निजी वा सार्वजनिक) र जीविकोपार्जनका साधन र उपायहरूको संरक्षण गर्नु । |
| | ३.३ जोखिम हस्तान्तरण र सामाजिक सुरक्षा सञ्जालको प्रबर्द्धनमा लगानी बढाई उत्थानशीलताको प्रत्याभूति गर्नु। |
| | ३.४ आ पतकालीन समयमा अत्यावश्यक सेवा र संरचनाहरूको निरन्तरताको प्रत्याभूति गर्नु । |
| ४. आपतकालीन समयमा चुस्त प्रतिकार्यका लागि प्रभावकारी पूर्वतयारी गर्दै “झनै राम्रो निर्माण”को प्रत्याभूति गर्नु । | ४.१ नीतिगत कार्य-संरचनाहरूको सुदृढीकरण र अद्यावधीकरण गरी प्रभावकारी प्रतिकार्यको प्रत्याभूति गर्नु । |
| | ४.२ क्षमता अभिबृद्धि र कार्य संयन्त्रहरूको तयारी गर्दै प्रतिकार्य क्षमताको अभिबृद्धि गर्नु । |
| | ४.३ विपद्जन्य आपतकालीन अवधिपश्चात “झनै राम्रो निर्माण” का लागि पूर्वतयारी गर्दै शीघ्र पुनर्लाभ सुनिश्चित गर्नु । |

# राष्ट्रिय विपद् जोखिम कार्ययोजना

## परिचय

नेपालमा विपद् जोखिमको विस्तार तीव्र गतिमा भैरहेको छ । मानवीय र भौतिक सम्पत्तिको बढ्दो जोखिम सम्मूखता र सन्निकटताले मात्र होइन, प्रकोपका नयाँ नयाँ स्वरुपले पनि जोखिमको मात्रा र तह बढिरहेको कुराको पुष्टि गर्दछ । नेपालका ७५ मध्ये ५९ जिल्ला, ३ भन्दा बढी किसिमका प्रकोपबाट प्रभावित देखिएका छन् (ADPC 2010, तालिका ३.१०) भने १३ जिल्ला ४ वटा जोखिमबाट ग्रस्त छन् । बाँकी ३ जिल्लामा ५ वटासम्म प्रकोपको प्रभाव देखिएको छ ।

एक दर्जनभन्दा बढी किसिमका प्रकोपका नियमित घटनामध्ये प्रभावका दृष्टिले बाढी, भूकम्प, पहिरो, आगलागी र महामारी असरका दृष्टिले बढी खतरनाक देखिएका छन् । विपद् जोखिमको तीव्र विस्तार, मानव र भौतिक, आर्थिक श्रोत र सम्पत्तिको बढ्दो जोखिम सम्मुखताले विपद् प्रतिकार्यका लागि तयार रहन हामी सबैलाई घच्घच्याइरहेको छ ।

विगतका विपद् घटना, तिनले ल्याएको क्षति र तिनको व्यवस्थापनबाट प्राप्त अनुभव र सिकाइले पनि प्रभावकारी पूर्वतयारीबाटै विपद् जोखिमलाई न्यूनीकरण गर्नसकिने र प्रतिकार्यको प्रभावकारिताले सम्भाव्य मानवीय र आर्थिक-भौतिक क्षतिलाई घटाउन सकिन्छ भन्नेपनि देखाएको छ ।

सम्भावित विपद्को पूर्वानुमान गर्ने बानी त्यसका लागि नीतिगत र संस्थागत कार्यसंरचनाहरुको तर्जुमा र निरन्तर परिमार्जन र श्रोतहरुको जोहो गरी पूर्वअभ्यास र तालिमबाट निरन्तर क्षमता अभिवृद्धिले विपद्सँग जुध्ने क्षमता, विपद्का असरहरुको सहनशीलता र विपद्पश्चातको उत्थानशीलता सबल हुदै जानेपनि स्पष्ट छ ।

विगतका विपद् घटनाले के पनि सिद्ध गरेका छन् भने पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणका कार्य विपद् चक्रका हिसाबले विपद्पश्चात गरिने भएपनि प्रभावकारी पूर्वतयारीले सम्भावित मानवीय र भौतिक क्षतिलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ । विपद्पछिको पुनर्निर्माणमा “झन राम्रो” निर्माण गर्ने अवसर पनि हुनसक्छ भन्ने कुरालाई प्राथमिकतामा राख्दै यस खण्डमा हालको स्थिति, नीतिगत कार्यक्रमिक प्राथमिकताका कार्यहरु, अपेक्षित अवधि र सम्भावित जिम्मेवारीको आकलन र पहिचान गरिएको छ ।

## नीतिगत समीक्षा

विपद् व्यवस्थापनसँग सम्वद्ध ऐन, राष्ट्रिय रणनीति, नियमावली र कार्यसंरचनाहरुको समष्टिले नेपालमा विपद् जोखिम व्यवस्थापनका कामलाई निर्देशित गर्नेगरेका छन् ।

**दैवी प्रकोप (उद्दार) ऐन, २०३९** ले विपद् जोखिम व्यवस्थापनको मुख्य जिम्मेवारी सरकारलाई नै सुम्पिएको छ । निकायगत जिम्मेवारीको विभाजन स्पष्ट नगरे पनि उक्त ऐनले विपद्का घटनाहरुको व्यवस्थापनको संयोजन गर्न केन्द्र देखि क्षेत्र, जिल्ला हुदै समुदाय तहसम्म दैवी प्रकोप समितिहरुको प्रावधान राखेको छ । समन्वयकारी संरचनाहरु प्रायः विपद्पछिको समयमा सक्रिय हुने भएकाले

व्यबहारमा गृह मन्त्रालय मुख्य सरकारी निकायको रुपमा सक्रिय रहने गरेको छ । विपद् व्यवस्थापनलाई राहत र उद्दारको सीमित अर्थमा लिनु र पूर्व तयारीको महत्वलाई आत्मसात गर्न नसक्नु यो ऐनको मुख्य कमजोरी मानिएको छ ।

**विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६** ले विपद् जोखिम व्यवस्थापन खोज, उद्दार र राहतमा मात्र सीमित नहुने कुरालाई जोड दिँदै प्रतिकार्यका अलावा पूर्व तयारी र क्षमता अभिवृद्धिलाई पनि जोड दिएको छ । विपद् जोखिम व्यवस्थापनका लागि ह्युगो कार्ययोजनालाई आत्मसात गर्दै यस रणनीतिले नयाँ संस्थागत संरचनालाई प्रस्ताव गरेको छ । जसको कार्यान्वयन अहिलेसम्म हुनसकेको छैन । उक्त रणनीति नेपालको सन्दर्भमा आफैंमा एउटा महत्वपुर्ण दस्तावेज हुदाहुँदै पनि परिवर्तित राष्ट्रिय परिवेश, मुलुकको संघीयकरण र जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनलाई समेट्न नसक्नु यसको मुख्य कमजोरी मानिएको छ ।

**राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७०** ले विपद् पूर्वतयारी र विपद्पछिको खोज उद्दार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको स्पष्ट विभाजन गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ । यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरुलाई पनि उक्त कार्य ढाँचाले व्यवस्थित गरेको छ । आपतकालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि उक्त कार्यढाँचाले स्पष्ट व्यवस्था गरेको छ । विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै उक्त कार्यढाँचाले जीवन बचाउन सकिने विपद्पछिको पहिलो "सुनौलो २४ घण्टा"मा गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ । तर २०७२ सालको भूकम्पपछिको राहत कार्यमा पनि सूचना र समन्वयन बढी कमजोर देखापरेको र संघीयता अन्तर्गत जिम्मेवारीको पुनःविभाजन गर्नुपर्ने भएकाले यसमा परिमार्जन आवश्यक देखिएको छ ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७** ले जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी अधिकारीहरु, रेडक्रस अभियानका सदस्यहरु, राष्ट्रिय अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र राष्टसृंघीय निकायहरुलाई आवश्यक दिशावोध गरेको छ । यो मार्गदर्शन जिल्ला दैवी प्रकोप उद्धार समितिका लागि वार्षिक रुपमा पर्वूतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने कार्यमा स्रोतसामग्री हो । यसको उपलब्धिका रुपमा हरेक जिल्ला तथा क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा हुनेछ । यो मार्गदर्शनलाई २ भागमा विभाजन गरिएको छ - विपद् पूर्वतयारी योजना र विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना ।

मार्गदर्शनको पहिलो भागमा पूर्वतयारी योजना तर्जुमा गर्नुभन्दा अगाडि गरिनुपर्ने प्रारम्भिक कार्यहरु उल्लेख गरिएको छ । जस्तै सरोकारवाला निकायको पहिचान, विगतका विपद्का घटनासम्बन्धी उपलब्ध सूचनाहरु, प्रकोप तथा जोखिम नक्शांकन, विषयगत क्षेत्रको पहिचान, संलग्न निकायको काम, कर्तब्य तथा भूमिका, स्रोत नक्शांकन, सम्पर्क सूची तयारी, राहत सामग्रीको आंकलन, प्राथमिकता प्राप्त पूर्वतयारीका कार्य र कमी कमजोरीको पहिचान आदि । मार्गदर्शनको दोस्रो भागमा संभावित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना निर्माण गर्ने कार्यविधिका बारेमा प्रकाश पारिएको छ । यो

कार्यविधिमा मूलतः प्रमुख विपद्को अवस्थामा प्रभावकारी प्रतिकार्यका लागि गरिनुपर्ने न्यूनतम पूर्वतयारीका बारेमा उल्लेख गरीएको छ । प्रत्येक विषयगत क्षेत्रले आ–आफ्नो विषयसंग सम्वन्धित विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा गर्नुपर्दछ । विपद्को प्रकृतिमा आधारित प्रतिकार्य योजना तर्जुमा प्रकृया जिल्ला आकस्मिक योजना तर्जुमा प्रकृयासंग मिल्दोजुल्दो छ ।

यसका अलावा पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कामलाई निर्देशित गर्ने अन्य केही नियमावली वा निर्देशिकाहरु पनि प्रयोगमा छन् । तीमध्ये केही मुख्य निम्न छन् -

- खोज तथा उद्धारका लागि राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७१
- प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४
- विपद् पीडित पुनर्वास संचालन कार्यविधि, २०७१
- प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष सञ्चालन नियमाबली, २०६३
- विपद् पश्चात्को शव व्यवस्थापनसम्बन्धी मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहतसम्बन्धी मापदण्ड, २०६४
- ८३ वटा खुल्लाक्षेत्र कायम गर्ने नेपाल सरकारको निर्णय, २०६९
- विपद्पीडित पुनर्वास संचालन कार्यविधि, २०७१
- बारुणयन्त्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०६७
- जलउत्पन्न प्रकोप व्यवस्थापन नीति, २०६२
- राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२

(१)

## विपद् जोखिमको बुझाइ

विपद् जोखिम र संकटाभिमुखताको सही पहिचान गर्नसक्नु जोखिम न्यूनीकरण तर्फको पहिलो प्रस्थान विन्दु हुन जान्छ । यस्तो बुझाईको अभिवृद्धिले विपद् जोखिम न्यूनीकरण सम्वन्धी निर्णय प्रक्रियालाई सही ढंगबाट निर्देशित त गर्छ नै, प्रतिकार्यको लागि उपयुक्त पूर्व तयारीलाई पनि सही दिशानिर्देश गर्न सक्छ ।

नेपालमा विपद्जन्य सूचना प्रणालीमा गृह मन्त्रालय, मौसम तथा जलवायु विभाग, भूगर्भ विभाग लगायतका सरकारी निकायहरु सक्रिय छन् । विपद्जन्य धनजनको क्षति, तथ्यांकको प्रमाणीकरण र अभिलेखीकरणको काममा भने गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्रले जिम्मेवारी पाएको छ ।

विपद् सम्वन्धी तथ्यांक र सूचनाको संकलन र अभिलेखीकरणको कामलाई एकातिर थप व्यवस्थित बनाउन बाँकी छ भने ती सूचनाको निरन्तर र आवधिक विश्लेषण गरी जोखिम सूचनालाई जनस्तरमा पुऱ्याउन धेरै नै प्रयास गर्न बाँकी नै छ ।

विपद् जोखिमको बुझाईका मुख्य पक्षहरु निम्न वमोजिम छन् -

- § विपद् जोखिमको पहिचान र मापन
- § विपद् जोखिमको आवधिक र नियमित मुल्यांकन, विश्लेषण र तिनको व्यापक सार्वजनिकीकरण
- § विपद् जोखिम र संकटासन्नका सम्वन्धमा शिक्षा, सूचना र सचेतनाको अभिवृद्धि र
- § क्षमता अभिवृद्धि, सहकार्य र साझेदारीको प्रवर्द्धन

### कार्यसूची १: विपद् जोखिमको पहिचान र मापन

हालको स्थिति

- § विपद् सम्वन्धी तथ्यांक संकलन मूलरुपमा राहत र क्षतिपूर्तिसँग जोडिने गरेकाले विस्तृत आधिकारिक र उपभोक्तामैत्री विपद् जोखिम सूचना प्रणाली (DMIS) को विकास हुन बाँकी रहेको ।
- § विपद्का मुख्य घटनाको जोखिम विश्लेषण हुने नगरेको ।
- § क्षति विवरणलाई लिंग, उमेर, अपांगता र विविधताका अरु सूचांकहरुको आधारमा खण्डीकरण (disaggregation) गर्नसक्ने बनाउन बाँकी रहेको ।
- § विपद् जोखिमको पहिचान र मापन कार्यलाई संस्थागत रुपमा सुदृढीकरण गर्ने काम बाँकी रहेको ।

कार्ययोजना १

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १.१.१ | राष्ट्रिय विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) लाई संस्थागत गरी उपयुक्त सफ्टवेयरको माध्यमबाट सर्वसाधरणको पहुँचमा ल्याउने | राष्ट्रिय विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) मा सर्वसाधारणको पहुँचमा ल्याउने | २०८३ | गृह मन्त्रालय |
| १.१.२ | विपद्का मुख्य घटनाको अभिलेखीकरण, क्षति विवरण र तिनको आवधिक विश्लेषण गरी सिकाईका बुँदाहरुलाई सबैको पहुँचमा पुऱ्याउने कामलाई व्यवस्थित गर्न कार्ययाजना बनाई लागू गर्नै | आधुनिक जोखिम विश्लेषणको संस्थागत परिपाटीको स्थापना | २०८७ | गृहमन्त्रालय,<br>सूचना तथा संचार मन्त्रालय<br>वज्ञान तथा प्रविधि मन्त्रालय |
| १.१.३ | जोखिम संकटासन्नता र क्षति विवरणलाई लैंगिक, उमेरगत, अपांगता र विविधताका अरु सूचक (जातजाति, भौगोलिक) सँग खण्डीकृत गरी (disaggregated) विश्लेषणयोग्य बनाउने | उमेर,लिंग, अपांगता र विविधताका विविध आयाममा खण्डीकृत गर्न सकिने सूचना प्रणालीको स्थापना | २०८७ | गृह मन्त्रालय |
| १.१.४ | आपतकालीन कार्य सञ्चालन केन्द्रहरुको (EOCs) क्षमता अभिवृद्धि गरी विपद् सूचना सँकलन र अभिलेखीकरणलाई प्रभावकारी बनाई विपद् सूचनामा सर्वसाधरणको पहुच बढाउने | आपतकालीन कार्य सञ्चालन केन्द्रहरुको सूचना विश्लेषण र सूचना प्रवाहमा चुस्तता | २०७८ | गृह मन्त्रालय |

## कार्यसूची २: विपद् जोखिमको आवधिक र नियमित मूल्यांकन, विश्लेषण र तिनको व्यापक सार्वजनिकीकरण

हालको स्थिति

- जल तथा मौसम विज्ञान विभागले नियमितरुपमा संकलन गर्ने सूचना र त्यसको आधारमा गरिने मौसमको पूर्वानुमान व्यवस्थित हुन नसकेको ।
- मौसम पूर्वानुमान र पूर्व चेतावनी प्रणाली बीच वैज्ञानिक तालमेल मिल्न नसकेको ।
- जोखिम मूल्यांकनका स्थानीय, परम्परागत प्रचलन र वैज्ञानिक प्रणालीबीच तालमेल ल्याई परिपूरक जोखिम मुल्यांकन पद्दति बसाउन नसकिएको ।

§ जोखिम विश्लेषण, पूर्वानुमान र पूर्व चेतावनीका प्रयासहरु आधुनिक प्रविधियूक्त बनाउन र तिनको बहु जोखिम (multi hazard) विश्लेषणको आधारमा एकीकृत पूर्व चेतावनी प्रणालीको विकास गर्न बाँकी रहेको ।

कार्ययोजना २

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १.२.१ | मौसम पूर्वसूचना प्रणाली र "साहना" तथ्यांक प्रणालीलाई एकीकृत रुपमा जोखिम विश्लेषण, ऐतिहासिक विश्लेषण, तत्काल (realtime) विश्लेषण र स्थानीक (location specific) विश्लेषण गर्नसक्ने बनाउन क्षमता अभिवृद्धि र संस्थागत सहयोग आदान–प्रदानको कार्ययाजना बनाई लागू गर्ने | एकीकृत पूर्वसचना प्रणालीको विकास भई जोखिमका स्थानिक र तत्काल सूचना प्रवाहमा चुस्तता | २०७८ | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग खानी तथा भूगर्भ विभाग |
| १.२.२ | मौसम पूर्वानुमानको चालु र नियमित कार्यलाई एकीकृत पूर्व चेतावनी प्रणालीसँग जोड्दै यसमा भौगोलिक सूचना प्रणाली (GIS) लगायत विकसित अन्य प्रविधिसँग जोड्ने | एकीकृत पूर्वसूचना भौगोलिक सूचना प्रणाली (GIS) मा जोडिएको हुने | २०८३ | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग |
| १.२.३ | स्थानीय र परम्परागत जोखिम पूर्वानुमान पद्दतिहरुको सर्वेक्षण र अनुसन्धान गरी तिनको अभिलेख (inventory) तयार गरी अद्यावधिक गर्दै जाने | स्थानीय र परम्परागत जोखिम पूर्वानुमान प्रणालीको एकीकृत अभिलेख तयार भई यसले राष्ट्रिय पूर्वसचना प्रणाली लाई परिपूरण गर्ने | २०७८ | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, त्रिभुवन विश्वविद्यालय |
| १.२.४ | बहुजोखिम विश्लेषणको पद्दतिलाई संस्थागत बनाउन र एकीकृत पूर्वचेतावनी प्रणालीको उन्नयन गर्न आवश्यक प्रविधिगत, संस्थागत र नीतिगत व्यवस्था गर्न एउटा उच्चस्तरीय कार्यटोली मार्फत कार्ययाजना बनाई लागू गर्ने | एकीकृत पूर्वचेतावनी प्रणालीको बहुजोखिम विश्लेषण गर्नसक्ने गरी स्तरोन्नति हुने | २०८३ | गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, त्रिभुवन विश्वविद्यालय, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान |

**कार्यसूची ३ : विपद्, जोखिम र संकटासन्नता सम्वन्धमा शिक्षा, सूचना र सचेतनाको अभिवृद्धि**

हालको स्थिति

- § विपद्, जोखिम र संकटासन्नता सम्वन्धमा राष्ट्रिय र स्थानीय तहमा ज्ञान निर्माण, सूचना प्रवाह र सचेतना अभिवृद्धिको तहगत रणनीति निर्माण गर्न बाँकी रहेको ।

- § विपद् जोखिम न्यूनीकरणसँग सम्वद्ध चेतना र क्षमता अभिवृद्धिका लागि तालिमको आवश्यकता पहिचान हुन नसकेको, तालिम कार्यक्रमहरु व्यवस्थित र प्रभावकारी हुन नसकेका र विपद् जोखिम तालिमको राष्ट्रिय क्षमता परनिर्भर रहेको ।

- § औपचारिक शिक्षा प्रणालीमा तहगत (विद्यालय, महाविद्यालय र विश्वविद्यालय) रुपमा विपद् जोखिम र प्रतिकार्य क्षमता अभिवृद्धिलाई व्यवस्थित गर्न बाँकी रहेको ।

- § आमसञ्चार प्रविधिको क्षेत्रमा देशले फड्को मारे पनि आमसंचार र प्रविधिगत उन्नयनले विपद् चेतना अभिवृद्धिको क्षेत्रमा अपेक्षित मात्रामा योगदान गर्न बाँकी रहेको ।

कार्ययोजना ३

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १.३.१ | विपद् जोखिम र संकटासन्नताका बारेमा हरेक नागरिकलाई सुसूचित राख्न ज्ञान निर्माण, सूचना प्रवाह र सचेतना अभिवृद्धिका लागि राष्ट्रिय सञ्चार रणनीति (communication strategy) को निर्माण गर्ने | विपद् जोखिम र संकटासन्नताका बारे प्रभावकारी सूचना प्रणालीको विकास भई सर्वसाधारणले समयमै सूचना प्राप्त गर्नसक्ने | २०७८ | गृह मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, विपद् पूर्वतयारी संजाल, नेपाल रेडक्रस |
| १.३.२ | विपद् जोखिम न्यूनीकरणका कार्यलाई व्यवस्थित, प्रभावकारी र विस्तृत बनाउन आवश्यक मानवीय श्रोतको विकास गर्न संस्थागत रुपमा तालिम क्षमता अभिवृद्धिको कामलाई व्यवस्थित गर्ने | तालिम र क्षमता विकासका विस्तृत कार्यक्रमहरु संस्थागत रुपमा नियमित हुने | २०७८ | गृह मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, त्रिभुवन विश्वविद्यालय |
| १.३.३ | विद्यालयदेखि विश्वविद्यालय सम्मको पाठ्यक्रममा विपद् जोखिम र प्रतिकार्यसम्वन्धी विभिन्न पक्षमा विधागत, | सबै तहका पाठ्यक्रममा विपद् जोखिम न्यूनीकरणका पाठ्यसामग्री | २०७८ | शिक्षा मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग त्रिभुवन विश्वविद्यालय, |

| | | | | |
|---|---|---|---|---|
| | विषयगत र अन्तर-विधागत पाठ्यक्रम निर्माण र अनुसन्धान प्रणालीलाई संस्थागत गर्न एउटा कार्ययोजना बनाई लागू गर्ने | समावेश भएको हुने | | काठमाडौं विश्वविद्यालय |
| १.३.४ | आमसंचार र प्रविधिगत क्षेत्रमा देखापरेको विकास र विस्तार ( मुद्रण, रेडियो, टेलिभिजन, सामाजिक नेटवर्क, एसएमएस, मोवाइल फोन) लाई विपद् जोखिम सचेतना अभिवृद्धि र पूर्वचेतावनी प्रणालीसँग व्यवस्थित रुपले जोड्न संस्थागत, नीतिगत र कार्यक्रमिक साझेदारीको विकास गर्न एउटा बृहत अनुसन्धान गरी कार्ययोजना तयार गर्ने | विपद् जोखिम जनचेतना अभिबृद्धिमा आमसञ्चार र दूरसञ्चारका सबै माध्यमहरुको एकीकृत उपयोग भएको हुने | २०८३ | विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल दुरसंचार प्राधिकरण, गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग, खानी तथा भूगर्भ विभाग, सूचना तथा संचार मन्त्रालय |

**कार्यसूची ४ : क्षमता अभिवृद्धि, सहकार्य र साझेदारीको प्रवर्द्धन**

हालको स्थिति

§ विपद्, जोखिम, प्रकोप र संकटासन्नताको पहिचान, मुल्यांकन र प्रतिकार्यको पूर्व तयारीका लागि प्राविधिक, वैज्ञानिक र सूचनागत (ICT) क्षेत्रको सुदृढीकरण र बहुउपयोग गर्न बाँकी रहेको ।

§ निजी क्षेत्र (व्यापार, व्यवसाय, बैंक, बीमा, निर्माण सामाग्री आपूर्ति, उपभोग्य सामाग्रीको आपूर्ति, लगानीकर्ता) लाई विपद् पश्चातको राहता आपूर्ति व्यवस्थापनमा अझ बढी जिम्मेवार बनाउनु पर्ने । निजी क्षेत्र विपद् पूर्वको अवस्थामा रणनीतिक साझेदार बन्न बाँकी रहेको र

§ विपद्बाट बढी र दीर्घकालीन रुपमा प्रभावित हुने र बढी संकटाभिमुख सामाजिक समूहहरु (महिला, वालवालिका, जेष्ठ नागरिक, अपांग, तेश्रो लिंगी अल्पसंख्यक लगायत गरीब, दलित, जनजाति) को विपद् शासनका निर्णय प्रक्रिया र कार्यक्रमहरु बाट बिमुख हुने गरेको ।

§ विपद् व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणमा स्थानीय सरोकार र प्राथमिकताहरु प्रतिविम्वित हुन नसकेको र जनताको सहभागिता न्यून हुने गरेको ।

कार्ययोजना ४

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| १.४.१ | विपद जोखिम र जलवायु परिवर्तनजन्य जोखिम सम्बद्व | प्रविधि क्षेत्रको आधुनिकतम | २०७८ | विज्ञान तथा प्रविधि मन्त्रालय, |

| | | | | |
|---|---|---|---|---|
| | प्रविधि, सूचना प्रविधि र वैज्ञानिक समुदायलाई निरन्तर अन्तरक्रियामा ल्याई वैज्ञानिक, प्राविधिक र नीतिगत पारस्पारिकता र साझेदारीको प्रवर्द्धन गर्ने एउटा कार्यटोली बनाई कार्ययोजना तयार गर्ने | विकासलाई वैज्ञानिक समुदायको निरन्तर अन्तरक्रियामा ल्याई विपद जोखिम सूचना प्रवाहमा त्यसको उच्चतम प्रयोग हुने | | नेपाल दुरसंचार प्राधिकरण,<br>कम्प्युटर एसोसिएसन अफ नेपाल,<br>नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान,<br>जल तथा मौसम विज्ञान विभाग,<br>सूचना तथा संचार मन्त्रालय |
| १.४.२ | बजार, व्यवसायी र उद्यमीहरुसँगको विपद्पश्चातको सहकार्यमा अरु बढी जवाफदेहिता, सहभागिता र जिम्मेवारीवोध बढाउँन विपद् पूर्वका तयारी, नीति निर्माण र कार्यक्षेत्र विस्तारमा ती क्षेत्रको सहभागिता बढाउदै व्यवसायको मौका (business opportunity) को आकँलन र पूर्वतयारी गर्न अनुसन्धान गरी कार्ययोजना बनाउने | निजी क्षेत्र प्रकोप पश्चात्को स्थितिमा "व्यवसाय विस्तार" का सम्भावनाहरुको योजना बनाई पूर्वतैयारीमा रहने | २०८३ | नेपाल उद्योग वाणिज्य महासंघ,<br>नेपाल उद्योग परिसंघ,<br>उद्योग मन्त्रालय,<br>गृह मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>शहरी विकास मन्त्रालय |
| १.४.३ | विपदबाट बढी प्रभावित, उत्थानशीलता कमजोर भएका र जोखिम संकटासन्नता बढी भएका विभिन्न सामाजिक समूहको विपद् शासन, पर्यावरण कार्यक्रम र जलवायु परिवर्तन अनुकूलनका काममा सहभागिता बढाउँदै उनीहरुको सशक्तिकरण र साझेदारीको प्रवर्द्धन गर्न सामाजिक संस्थाहरु मर्फत विपद जोखिम सरोकार समूह हरु गठन गरी संस्थागत विकास गर्ने | स्थानीय स्तरमा विपद् जोखिम सरोकार समूहहरुको स्थापना भई उनीहरुको सञ्जालीकरणबाट विपद् पीडित र जोखिम संकटासन्न व्यक्ति, परिवार र समुदायको सहभागिता सुनिश्चित हुने | २०८३ | नेपाल रेडक्रस सोसाइटी,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>गृह मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>गैरसरकारी संस्था महासंघ नेपाल,<br>वन उपभोक्ता महासंघ नेपाल,<br>खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ नेपाल<br>नेपाल रेडक्रस सोसाइटी |

| | | | | |
|---|---|---|---|---|
| | प्रारम्भमा यो काम २०७२ को भुकम्पबाट प्रभावित १४ जिल्लाबाट शुरु गर्ने | | | |
| १.४.४ | विपद् जोखिम व्यवस्थापन र न्यूनीकरणका काममा स्थानीय सरोकार, चासो र सहभागिताको प्रत्याभूतिका लागि समुदायमा आधारित समूहहरु, स्थानीय गैरसरकारी संस्थाहरु र नागरिक समूहहरुसँग साझेदारीको विकास गर्न स्थानीय निकाय र गैरसरकारी संस्थाको लागि निर्देशिका बनाई लागू गर्ने | स्थानीय निकाय र स्थानीय गैरसरकारी संस्थाबीचको साझेदारीमा विपद् जोखिम व्यवस्थापनमा स्थानीय सरोकारको पहुँच र मूलप्रवाहीकरण भएको हुने | २०७८ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>गृह मन्त्रालय,<br>शहरी विकास मन्त्रालय,<br>सहकारी तथा गरीबी निवारण मन्त्रालय |

(२)

## विपद् जोखिम व्यवस्थापनका लागि जोखिम शासनको सुदृढीकरण

विपद् जोखिम शासन प्रणालीको स्थापना र प्रत्याभूति प्रभावकारी जोखिम व्यवस्थापनको लागि अर्को कोशेढुंगा मानिन्छ । नेपाल बहुप्रकोपीय देश भएका कारण जोखिम व्यवस्थापन प्रणालीमा धेरै निकायहरुको संलग्नता रहने गरेको छ । तर विपद् प्रभावित समुदाय, महिला, दलित र विपन्न समूहको सहभागिता प्रभावकारी हुनसकेको छैन ।

दैवी प्रकोप उद्दार ऐन, २०३९ ले निर्देशित गरे वमोजिम नेपालमा गृहमन्त्रीको मातहत केन्द्रीय दैवी प्रकोप उद्दार समितिले मुख्य रुपमा जोखिम शासन कामलाई व्यवस्थित गरिरहेको छ । यो एउटा समन्वयकारी निकाय भएको कारण जोखिम सुशासनको नेतृत्व मुख्यरुपमा गृहमन्त्रालयले नै गर्ने गरेको छ । गृह मन्त्रालयका प्राथमिकताका अरु विषय धेरै हुने गरेको हुँदा विपद् व्यवस्थापनका कामलाई प्रभावकारी बनाउन चुनौति छ । विपद् व्यवस्थापनका कामलाई निर्देशित गर्ने ऐन नै समय सापेक्ष हुन बाँकी रहेको र चालु ऐनले पूर्व तयारी र न्यूनीकरण भन्दा उद्दार र राहतलाई बढी जोड दिएकाले जोखिम शासनको सन्तुलित विकास हुन कानुनी र नीतिगत रुपमा पनि चुनौतिपूर्ण रहेको पाइएको छ ।

नेपालको हालको सन्दर्भमा जोखिम शासनको सुदृढीकरणको अवधारणा अन्तर्गत मुख्यरुपमा निम्न वमोजिमका कामले प्राथमिकता पाउने देखिन्छ -:

- कानूनी र नीतिगत कार्यसंरचनाहरुको तर्जुमा वा समयसापेक्ष परिमार्जन ।
- संस्थागत संरचनाहरुको समयसापेक्ष निर्माण र परिमार्जन ।
- क्षेत्रगत नीति, कानून र कार्य संरचनामा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण ।
- विपद् जोखिम सुशासनका लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारी ।
- लैंगिक र सामाजिक समावेशीकरणको प्रभावकारी मूलप्रवाहीकरण ।

### कार्यसूची १ : कानूनी र नीतिगत कार्यसंरचनाहरुको तर्जुमा वा समयसापेक्ष परिमार्जन

हालको स्थिति

- मौजुदा दैवी प्रकोप (उद्दार) ऐनले राहत र उद्दारमा मात्र बढी ध्यान दिएको र प्रभावकारी कार्य विभाजन गर्न नसकेको ।

- विपद् पश्चातको खोज (SAR) को कामलाई नेतृत्व गर्ने, एउटा जिम्मेवार निकायको व्यवस्था नभएकोले जिम्मेवारी छरिएको ।

- विपद् पूर्वको तयारी र न्यूनीकरणको जिम्मेवारीको नेतृत्व गर्ने एउटा जिम्मेवार निकायको व्यवस्था नभएको ।

कार्ययोजना १

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| २.१.१ | मौजुदा दैवी प्रकोप (उद्धार) ऐनलाई प्रतिस्पापन गर्ने गरी विपद् जोखिम व्यवस्थापनका सम्पूर्ण चक्रलाई सन्तुलित रुपमा समेट्ने सम्पूर्णतामा आधारित, कार्यविभाजन र संयोजनको स्पष्ट कार्यादेश सहितको नयाँ विपद जोखिम व्यवस्थापन ऐन संसदबाट पारित हुनुपर्ने | नयाँ र वैज्ञानिक खालको विपद् जोखिम व्यवस्थापन ऐन व्यवस्थापिका संसदबाट पारित भई कार्यान्वयनमा आउने | २०७४ | गृह मन्त्रालय, व्यवस्थापिका |
| २.१.२ | विपद् पश्चातको खोज र उद्दार (SAR) को नेतृत्व कुनै एउटा सुरक्षा निकायको जिम्मामा दिई त्यसलाई INSARAG मापदण्ड वमोजिम संस्थागत क्षमता र नीतिगत ब्यबस्था सहित कार्ययोजना बनाई लागू गर्ने | सुरक्षा निकायको खोज र उद्धार (SAR) को कार्यक्षमता, दक्षता र नेतृत्व विकास हुने | २०७८ | गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी |
| २.१.३ | स्थानीय स्तरमा खोज र उद्दार (SAR) को क्षमता अभिबृद्धि गर्न प्रथम उद्धारक को संस्थागत विकास गर्न कार्ययोजना र निर्देशिका बनाई लागू गर्ने | स्थानीय स्तरमा “प्रथम उद्धारक” सञ्जालको विस्तार र क्षमता विस्तार भएको हुने | २०७८ | गृह मन्त्रालय, सशस्त्र प्रहरी वल, नेपाली सेना, नेपाल प्रहरी |
| २.१.४ | विपद् पूर्वको तयारी र न्यूनीकरणको कामलाई प्रभावकारी ढंगले संयोजन र नेतृत्व गर्न ग्रमीण क्षेत्र/ग्रामीण नगरपालिका क्षेत्रमा र शहरी नगरपालिका, महानगरपालिका क्षेत्रमा छुट्टाछुट्टै दुई मन्त्रालयलाई स्पष्ट जिम्मेवारी दिने कानूनी व्यवस्था गर्ने<br>प्रारम्भमा यो काम २०७२ को भुकम्पबाट प्रभावित १४ जिल्लाबाट शूरु गर्ने | ग्रामीण नगरपालिका र शहरी नगरपालिका क्षेत्रमा क्रमशः संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र शहरी विकास मन्त्रालयले विपद् पूर्वतैयारीका सम्पूर्ण कार्यको संयोजन र नेतृत्व गरेको हुने | २०७८ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय |

**कार्यसूची २ : संस्थागत संरचनाहरुको समय सापेक्ष निर्माण र परिमार्जन**

<u>हालको स्थिति</u>

- गृह मन्त्रालयअन्तर्गत मौजुदा विपद् व्यवस्थापन महाशाखाको सीमित संरचनाले विपद् जोखिमको बढ्दो कामको चाप थेग्न चुनौतिपूर्ण भैरहेको छ ।

- मुलुक संघीय संरचनामा गैसकेको अवस्थामा संविधानको भावना अनुरुप हुने गरी विपद् जोखिम शासन संयन्त्रको पनि संघीय खाका बनाउन बाँकी रहेको ।

- संविधानले स्थानीय तहलाई पर्याप्त अधिकार प्रत्यायोजन गरेको सन्दर्भमा विपद् जोखिम शासन संरचनामा पनि स्थानीय तहलाई बढी जिम्मेवार बनाउदै लानु पर्ने देखिएको ।

कार्ययोजना २

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| २.२.१ | राष्ट्रिय तहमा एक छुट्टै, श्रोत र अधिकारसम्पन्न, राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणको स्थापना | एक अधिकारसम्पन्न राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणको स्थापना भई कार्यप्रारम्भ भएको हुने | २०७८ | गृह मन्त्रालय, मन्त्रीपरिषद् तथा प्रधानमन्त्रीको कार्यालय, अर्थ मन्त्रालय, |
| २.२.२ | विपद् जोखिम व्यवस्थापनको शासन संरचनालाई संघीय ढाँचामा रुपान्तरण गर्न संविधानको अनुसूची ५, ६, ७ र ९ को प्रावधान अनुरुप संघीय, प्रान्तीय र स्थानीय साझेदारी विकास गर्न कार्ययोजना बनाई लागू गर्ने | विपद् जोखिम व्यवस्थापनमा संघीय, प्रान्तीय र स्थानीय सरकारको साझेदारी विकास हुने । | २०७८ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग |
| २.२.३ | विपद् जोखिम शासनमा स्थानीय तहको संस्थागत संरचना विकास गर्न समयबद्ध कार्ययोजना बनाई लागू गर्ने | विपद् जोखिम शासनमा स्थानीय तहको संस्थागत संरचना र कार्यक्षमताको विकास हुने | २०७६ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, |

## कार्यसूची ३ : क्षेत्रगत नीति कानुन र कार्य संरचनामा विपद् जोखिम व्यवस्थापनको मूल प्रवाहीकरण

हालको स्थिति

- चालु चौधौं योजना र यस अघिका योजनाले पनि क्षेत्रगत (sectoral) विकासका प्राथमिकतामा विपद जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्न नसकेको ।

§ विपद जोखिम, वातावरण र श्रोत व्यवस्थापन र जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनका कामहरु एकांकी र समानान्तर रुपमा कार्यान्वयन गरिँदा काममा दोहोरोपना आएको र समन्वयको अभाव देखिएको ।

§ स्थानीय तहका जोखिम व्यवस्थापन कार्यविधिहरुलाई एकीकृत गर्न नसकिएको ।

कार्ययोजना ३

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| २.३.१ | आगामी पन्ध्रौं योजना र तत्पश्चातका हरेक योजनामा तोकिएका प्राथमिकताका क्षेत्रहरु (sectoral) मा विपद् जोखिम व्यवस्थापनलाई अभिन्न अंगको रुपमा मूलप्रवाहीकरण गर्न कार्ययोजना बनाउने | आगामी आवधिक विकास योजनाहरुमा विपद् जोखिम व्यवस्थापनको क्षेत्रगत (sectoral) मूलप्रवाहीकरण हुने | २०७६ | राष्ट्रिय योजना आयोग, प्राथमिकता प्राप्त क्षेत्रगत मन्त्रालयहरु |
| २.३.२ | जोखिम व्यवस्थापनका सबै क्षेत्र र मन्त्रालयगत कार्यक्षेत्रहरुको पुनसंरचना गरी प्राथमिकताका मन्त्रालयहरुमा एकीकृत विपद् जोखिम न्यूनीकरण एकाइको विकास गर्ने | तोकिएका मन्त्रालयहरूमा विपद् जोखिम न्यूनीकरण एकाईको स्थापना भएको हुने | २०७८ | राष्ट्रिय योजना आयोग, मन्त्रीपरिषद सचिवालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय |
| २.३.३ | स्थानीय तहमा प्रयोगमा ल्याइने जोखिम व्यवस्थापनका कार्यविधि र निर्देशिकाहरु ( LAPA, LDRMP, DDMP) लाई एकीकृत गर्ने | स्थानीय तहमा विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तनजन्य जोखिम व्यवस्थापनका विद्यमान कार्यविधि र निर्देशिकाहरु एकीकृत भएको हुने | २०७८ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, वातावरण मन्त्रालय, गृह मन्त्रालय |

## कार्यसूची ४ : विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि सहकार्य र साझेदारी

हालको स्थिति

§ मुलुकको शासकीय संरचना संघीयतामा रुपान्तरण भएको अवस्थामा विपद् जोखिम व्यवस्थापनको शासन संरचना हालसम्म केन्द्रीकृत नै रहेको ।

§ संघीय, प्रन्तीय र स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनको लागि संविधान र कानुनले दिएको वा दिने क्षमताको समिक्षा र मुल्यांकन हुन बाँकी छ ।

§ नेपाल र भारत बीच बाढी, डुवान र तटवन्ध निर्माण, तल्लो तटीय डुवान जस्ता साझा समस्या रहे पनि अन्तरसीमा सहकार्य हुन नसकेको ।

§ विपद् प्रभावित, जोखिम संकटाभिमूख जनताको संगठित आवाज, विपद् जोखिम व्यबस्थापनमा लैंगिक र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण हुन बाँकी रहेको ।

कार्ययोजना ४

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| २.४.१ | शासकीय तहमा के कति क्षमताहरु छन्, के-कस्ता सीमाहरु छन् र कुन कुन क्षेत्रमा सहकार्य र साझेदारी आवश्यक छ भन्ने कुराको यकिन गर्न निम्न क्षेत्रलाई समेटेर क्षमता पहिचान सहितको कार्ययोजना तयार गर्ने । प्रस्तावित क्षेत्रहरू:<br>§ प्रविधिक<br>§ आर्थिक<br>§ श्रोत परिचालन<br>§ प्रशासनिक<br>§ जनशक्ति<br>§ तथ्यांक संकलन/विश्लेषण<br>§ आपतकालीन सूचना र संचार<br>§ घटना नियन्त्रण (incidence command system- ICS) | विपद् जोखिम व्यवस्थापनका लागि प्रत्येक शासकीय तहका सीमा र क्षमताको पहिचान भई सहकार्य र साझेदारीमा आधारित एकीकृत कार्ययोजना कार्यान्वयन आउने | २०७८ | गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय |
| २.४.२ | नेपाल भारत बीच बाढी, पहिरो, नदी कटान र डुवानका साझा समस्याको साझा निराकरणका लागि अन्तरसीमा, अन्तरदेशीय संयन्त्रको विकास गर्ने | नेपाल-भारतबीच जोखिम व्यवस्थापनका साझा समस्याको व्यवस्थापनका लागि अन्तरदेशीय संयन्त्रको विकास हुने | २०८७ | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय |
| २.४.३ | विपद जोखिम व्यवस्थापनका स्थानीय तहका कार्यक्रम र नीति निर्माण तहमा विपद् प्रभावित, संकटासन्न क्षेत्रका जनताको पहुँच र सहभागिताको | विपद् जोखिम व्यवस्थापनका स्थानीय कार्यक्रम र नीति निर्माणमा विपद् प्रभावित र संकटासन्न | २०८७ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, गृह मन्त्रालय, शहरी विकास |

| | | | | |
|---|---|---|---|---|
| | प्रत्याभूति गर्न कार्ययोजना र प्रक्रिया (SOP) तयार गर्ने | क्षेत्रका जनताको पहुँच बृद्धि भई जवाफदेहिता बढ्ने | | मन्त्रालय,<br>स्थानीय तह,<br>नेपाल रेडक्रस सोसाइटी |
| २.४.४ | विपद् जोखिम व्यबस्थापनमा लैंगिक र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि कार्ययोजना बनाई लागू गर्ने | विपद् जोखिम व्यवस्थापनमा लैंगिक र सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण हुने | २०८७ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग,<br>राष्ट्रिय महिला आयोग,<br>राष्ट्रिय दलित आयोग,<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,<br>गृह मन्त्रालय,<br>शहरी विकास मन्त्रालय, |

(३)

## विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धनका लागि लगानी

व्यक्ति, समुदाय र मुलुककै आर्थिक, सामाजिक, स्वास्थ्य र सांस्कृतिक उत्थानशीलताको अभिवृद्धिका निमित्त संरचनात्मक र गैरसंरचनात्मक उपायहरु मार्फत विपद् जोखिम नियन्त्रण र न्यूनीकरणका लागि निजी र सार्वजनिक लगानी महतवपूर्ण रही आएको छ । यस्तो लगानीले विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धन मात्र होइन नवीनता, उत्पादन वृद्धि र रोजगारीको सिर्जना पनि गर्दछ । यस्ता उपायहरु लागत प्रभावशील त हुन्छन् नै विपद्पछिको स्थितिमा शीघ्र पुनर्लाभ र पुनःस्थापनाका दृष्टिले पनि महत्वपूर्ण हुन्छन् ।

उपयुक्त भू-उपयोग नीतिको तर्जुमा र कार्यान्वयन, जोखिमयुक्त वस्तीहरुको स्थानान्तरण, भवन निर्माणसंहिताको कार्यान्वयन, जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धनका लागि महत्वपुर्ण मानिन्छन् । सम्पदाहरुको संरक्षण र संरचनागत सम्पदाहरुको सवलीकरण पनि सही दिशातर्फका महत्वपूर्ण पाइला हुन् । कृषि क्षेत्रमा बढ्दो सुख्खा ग्रस्तताको प्रकोप सम्वोधन गरिनु पर्ने अर्को विषय हो । जोखिम हस्तान्तरण, गरिवी निवारण, आय आर्जन र जीविकोपार्जनका उपायहरुको प्रवर्द्धन अर्को महत्वपूर्ण कामको पाटो हो । आपत्कालिन र अत्यावश्यक सेवा, सुविधा र संरचनाहरुको सुरक्षणमा लगानी गरी सञ्चार, विद्युत, अस्पताल, विद्यालय, दमकल र नागरिक प्रशासन जस्ता अति आवश्यक सेवाहरुलाई हर हालतमा अक्षुण्ण राख्नु पनि सहनशीलता र उत्थानशीलताको प्रवर्द्धनको महत्वपूर्ण पाटो हो । यसका लागि निजी र सार्वजनिक लगानीको यथोचित प्रत्याभूति महत्वपूर्ण हुन्छ ।

विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताको प्रवर्द्धनका लागि मुख्य पक्षहरु निम्नवमोजिम हुन सक्छन् -

- § विकासमा विपद् जोखिम निर्धारणको मूलप्रवाहीकरण
- § मौजुदा सम्पत्ति र जीविकोपार्जनका उपायहरुको संरक्षण
- § जोखिम हस्तान्तरण र सामाजिक सुरक्षा सञ्जालको प्रवर्द्धनमा लगानी र
- § आपतकालीन समयमा अत्यावश्यक सेवा र संरचनाहरुको निरन्तरताको प्रत्याभूति

### कार्यसूची १ : विकासमा विपद् जोखिम निर्धारणको मूलप्रवाहीकरण

हालको स्थिति

- § नीतिगत प्राथमिकीकरण र आवधिक योजनाको तर्जुमा गर्दा विपद् जोखिम निर्धारणलाई एउटा आधारको रुपमा ग्रहण गर्न बाँकी रहेको ।

- § भू-उपयोग नीति २०१२ ले जमिनको वर्गिकरण गर्दा प्रकोप जोखिम र संकाटासन्नतालाई उचित ध्यान दिन नसकेको ।

§ भवन निर्माणसंहिताको परिपालन र सुपरिवेक्षण अझै प्रभावकारी हुन नसकेको । भूकम्प पछिको पुनर्निर्माण कार्य पूर्णरुपमा भूकम्प प्रतिरोधक हुन नसकेको ।

§ प्रकोप जोखिम र संकटासन्न क्षेत्रका मानव वस्तीहरुको स्थानान्तरणको कामले प्राथमिकता पाउन नसकेको ।

कार्ययोजना १

| **कोड** | **रणनीतिक क्रियाकलाप** | **अपेक्षित परिणम** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|---|
| ३.१.१क | आगामी पन्ध्रौं योजनाको तर्जुमा (खासगरी ग्रामीण विकाससँग सम्वद्ध प्राथमिकताहरुको निर्धारण) गर्दा विपद् जोखिम निर्धारणलाई महत्वपूर्ण आधार बनाउने कुराको प्रत्याभूति गर्न कार्ययोजना बनाई लागू गर्ने | आगामी पन्ध्रौं योजनाका ग्रामीण विकासका कार्यक्रममा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण भएको हुने | २०७८ | राष्ट्रिय योजना आयोग, प्राथमिकता प्राप्त क्षेत्रगत मन्त्रालयहरु |
| ३.१.१ख | प्रान्तीय र स्थानीय तहका आगामी योजना, प्राथमिकीकरण र बजेटको विनियोजन गर्दा विपद् जोखिम निर्धारण एउटा महत्वपूर्ण आधार हुने कुराको समयमै प्रत्याभूति गर्न एउटा निर्देशिका बनाई त्यसको स्थानीयकरण गर्ने | प्रान्तीय र स्थानीय तहका आगामी कार्यक्रम र बजेट विनियोजनमा विपद् जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण भएको हुने | २०७८ | राष्ट्रिय योजना आयोग, जिल्ला समन्वय समितिहरु, स्थानीय तह, अर्थ मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ३.१.२ | जमिनको वर्गिकरण गर्दा प्रकोप जोखिम र संकटासन्नतालाई एउटा आधारको रुपमा ग्रहण गर्दै भू-उपयोग नीति २०१२ को संसोधन गर्ने । प्रकोप जोखिम र संकटासन्न भू-क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा वस्ती विकास, ठूला संरचना र उद्योग खोल्न प्रतिवन्ध लगाउने | भू-उपयोग नीति, २०१२ को संशोधन भई संकटासन्न क्षेत्रको पहिचान हुने | २०७८ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, कानून मन्त्रालय |
| ३.१.३क | भवन निर्माणसंहिताको प्रभावकारी कार्यान्वयनका लागि घरको नक्शा दर्ता | भवन निर्माण संहिताको प्रभावकारी अनुगमन र कार्यान्वयन भएको हुने | २०८३ | शहरी विकास मन्त्रालय अर्थ मन्त्रालय, |

| | | | | |
|---|---|---|---|---|
| | प्रक्रियालाई पूर्णतः डिजिटलाइज्ड गरी प्रभावकारी सुपरिवेक्षण र नसिहत प्रणालीलाई संस्थागत गर्न कार्ययोजना बनाई नगरपालिकाहरुको क्षमता अभिवृद्धि गर्ने | | | राष्ट्रिय योजना आयोग, जिल्ला समन्वय समितिहरु, स्थानीय तह, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ३.१.३ख | ठूला प्रकोपपछि पुनर्निर्माणको कार्यलाई भूकम्प प्रतिरोधक बनाउन के कस्ता नीतिगत र संस्थागत व्यवस्था गर्न आवश्यक छ भन्ने कुराको अध्ययन गरी शिफारिस गर्न प्राविधिक र विपद् जोखिम विज्ञसहित को अन्तर-मन्त्रालयगत कार्यटोली गठन गरी प्राप्त सिफारिश कार्यान्वयन गर्ने | ठूला प्रकोपपछिको पुनर्निर्माण कार्य भूकम्प प्रतिरोधी भएको हुने | २०७८ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण आयोग, शहरी विकास मन्त्रालय |
| ३.१.४ | प्रकोप जोखिम र संकटासन्न क्षेत्रका मानव वस्तीहरुको सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने कार्यलाई सुनिश्चित गर्न राष्ट्रिय पुनर्निर्माण आयोगले हालसम्म गरेका कार्यविधिलाई अभिलेखमा लिई भूगर्भविद् , जलस्रोतविद् र समाजशास्त्री सहितको टोलीबाट स्थलगत अनुसन्धान गराई प्राप्त सिफारिश अनुसार कार्ययाजना बनाई कार्यन्वयन गर्ने | प्रकोप जोखिम र संकटासन्न क्षेत्रका मानव बस्तीहरुको सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्न स्पष्ट कार्ययोजना र रणनीति तयार हुने | २०८३ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण आयोग, स्थानीय तहहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, |

**कार्यसूची २ : मौजुदा सम्पत्ति र जीविकोपार्जनका उपायहरुको संरक्षण**

हालको स्थिति

§ ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरुको समयवद्ध संरक्षण हुन नसकेकोले यस्ता सम्पदा र धरोहरहरुको क्षयिकरण भैरहेको र ससाना विपद्बाट पनि खण्डिकरण र नष्टिकरण हुने गरेको ।

§ जीविकोपार्जनका उपाय र शीपहरु, उत्पादन कार्यमा प्रयोग हुने औजार, सम्पत्ति र लगानीहरु हरेक विपद्बाट प्रभावित हुने गरेको ।

§ गरीब, निमूखा, भूमिहीन, सीमान्तकृत, ज्याला मजदुरीमा आश्रित व्यक्ति र परिवारको जीविकोपार्जनलाई प्रत्येक प्रकोपले दीर्घकालीन रुपमा क्षति पुऱ्याएर नेपालमा गरीबी घट्न अवरोध सिर्जना गरेको ।

§ नेपालको पर्यटन व्यवसाय (खास गरी पर्या-पर्यटन, साहसिक पर्यटन, पदयात्रा पर्यटन, पर्वतारोहण) जलवायु परिवर्तनजन्य प्रकोपहरुबाट बढ्दो रुपमा प्रभावित भैरहेको र यसले नेपालको सुरक्षित गन्तव्यको छवि प्रभावित भएको ।

कार्ययोजना २

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ३.२.१ | ऐतिहासिक सम्पदा र सांस्कृतिक धरोहरहरुको समयवद्ध संरक्षणका लागि विशेष कार्ययोवना बनाई लागू गर्ने | ऐतिहासिक सम्पदा र धरोहरहरूको संरक्षणका लागि आधार योजना तयार भई कार्यदिशा स्पष्ट हुने | २०७८ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| ३.२.२ | जीविकोपार्जनका आधार, शीप, औजार र लगानीलाई विपद्को असरबाट जोगाउन योगदानमा आधारित बीमा प्रणालीलाई विस्तार गर्ने | विपद् जोखिमबाट जीविकोपार्जनका साधन र स्रोतमा क्षति पुग्दाको अवस्थामा जोखिम हस्तान्तरणको पूर्वतैयारी संस्थागत भएको हुने | २०८३ | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ |
| ३.२.३ | गरीब, भूमिहीन र सीमान्तकृत घरपरिवारको एकीकृत अभिलेख प्रणालीको विकास गरी गरीबीको रेखामुनीका घरपरिवार विपद् प्रभावित भएको खण्डमा स्वतःबीमा प्रणालीभित्र समेटिने सम्भावनाको खोजीगर्न एक कार्ययोजना बनाई लागू गर्ने | गरिबीको रेखामुनि रहेका घरपरिवारलाई “स्वतःबीमा प्रणाली”मा समेटी जोखिम हस्तान्तरणको प्रत्याभूति हुने | २०८३ | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ |
| ३.२.४ | जलवायु र मौसम परिवर्तन, हिमतालको जोखिम, हिमाली क्षेत्रमा हिउँ पग्लने क्रमको बढोत्तरी, हिमआँधी लगायतका | जलवायु परिवर्तनजन्य जोखिमका सबैखाले स्वरुपबाट पर्यटन क्षेत्रलाई जोखिमरहीत | २०७८ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन वोर्ड, |

| | | | | |
|---|---|---|---|---|
| | उदीयमान जोखिमले पर्यटन क्षेत्रको छवि नकारात्मक भैरहेको र त्यस क्षेत्रमा जनधनको बढ्दो क्षतिलाई मध्यनजर गर्दै पूर्वसूचना प्रणाली, बीमा प्रणाली, सूचना सम्पर्क प्रणाली र सामूहिक पर्यटन प्रणालीलाई संस्थागत बनाउन एउटा एकीकृत कार्ययोजना बनाई लागू गर्ने | बनाउन एकीकृत कार्ययोजना कार्यान्वयनमा आउने | | नेपाल होटल संघ, नेपाल पर्वतारोहण संघ, नेपाल भ्रमण तथा यात्रा व्यवसायी संघ ( NATA) |

**कार्यसूची ३ : विपद् जोखिम हस्तन्तरण र सामाजिक सुरक्षा सञ्जालको प्रवर्द्धनमा लगानी**

हालको अवस्था

- § कृषि क्षेत्रमा बढ्दो सुख्खाग्रस्तताको कारण साना किसान र अधियाँ किसान र श्रमिक किसानहरुको जीविकोपार्जन संकटमा पर्दै गएको छ । यसले खाद्य असुरक्षालाई पनि बढाएको छ ।
- § प्राकृतिक श्रोत व्यवस्थापन, जलाधार व्यवस्थापन, भू-स्खलन नियन्त्रण, संरक्षित क्षेत्र व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण र विद्यमान विपद् जोखिम निवारणका नीतिगत र कार्यक्रमिक संरचनाहरु बीच तालमेलको अभाव छ ।
- § सामाजिक सुरक्षाका कार्यक्रमहरु यथेष्ट भए पनि भौगोलिक क्षेत्रहरुमा ती कार्यक्रमको पहुँच असमान छ ।
- § विपद् जोखिम वीमाको प्रचलन नेपालमा अझै शुरु भएको छैन् । जोखिम र क्षतिपूर्तिका क्षेत्रमा अन्यत्र प्रयोगमा आएका प्रणालीहरु (जस्तो-लघुबीमा, आरक्षित कोष, जोखिमको सामूहिकीकरण, जोखिम र लघुवित्त प्रणाली) नेपालमा प्रयोगमा आउन नसकेकाले गरीब र सीमान्तकृत परिवार र समूहहरु बढी जोखिम संकटासन्न छन् ।

कार्ययोजना ३

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ३.३.१ | कृषिमा बढ्दो सुख्खाग्रस्तताको जोखिम र खाद्य असुरक्षाको चुनौतिलाई सम्वोधन गर्न कृषि बीमा, कृषक लाभ कार्यक्रम र खाद्य तथा बीउ भण्डारहरुको स्थापना लाई प्रभावकारी बनाउन एक बृहत् कायैयोजना बनाई | कृषि क्षेत्रमा बढ्दो सुख्खाग्रस्तताको जोखिम न्यूनीकरणका लागि एकीकृत कार्यक्रम कार्यान्वयनमा आउने | २०७८ | पशुविकास मन्त्रालय, कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय, बीमा समिति, सहकारी तथा गरीबी निवारण मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | लागू गर्ने | | | |
| ३.३.२ | प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी छरिएर रहेका कार्यक्रम र कार्यनीतिलाई विपद् जोखिमका दृष्टिले परिमार्जन गर्ने विपद् जोखिम विद्, वातावरणविद् र जलवायुविद् समेतको कार्यटाली बनाई अध्ययन गराई प्राप्त सुझाव कार्यान्वयन गर्ने | प्राकृतिक स्रोत व्यवस्थापनसम्बन्धी कार्यक्रम र कार्यनीतिहरूको विपद् जोखिमका दृष्टिले संशोधन र परिमार्जन भएको हुने | २०७८ | वन तथा भूसंरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ३.३.३ | लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रको सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरुमा पहुँच र लाभग्रहणको स्थितिको समीक्षा गरी यस्तो कार्यक्रमले विपद् उत्थानशीलतासँगको सादृश्यता कसरी स्थापित गर्न सक्छ भन्ने बारे विज्ञ हरु बाट अध्ययन गराई प्राप्त सुझाव कार्यान्वयन गर्ने | लक्षित वर्ग, लक्षित समुदाय र लक्षित भौगोलिक क्षेत्रका लागि विद्यमान सामाजिक सुरक्षाका कार्यक्रमले विपद् उत्थानशीलतालाई प्रबर्द्धन गर्ने | २०८३ | महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय दलित आयोग, महिला आयोग, शिक्षा मन्त्रालय |
| ३.३.४ | सर्वग्राही र लक्षित वर्ग केन्द्रीत दुई खाले विपद् जोखिम बीमा प्रणालीको सम्भाव्यता र दिगोपनको अध्ययन गरी आवश्यक कार्ययोजना बनाई यस्ता कार्यक्रम लागू गर्ने | आवश्यकता र सम्भावनाको आधारमा “विपद् जोखिम बीमा प्रणाली”को विस्तार हुने । | २०७८ | बीमा समिति, राष्ट्रिय बीमा संस्थान, अर्थ मन्त्रालय, नेपाल इन्स्युरेन्स संघ |
| ३.३.५ | समुदायमा आधारित, योगदानमा आधारित लघुबीमा, पशु बीमा, खेती बीमा, कृषक आरक्षित कोष, जोखिमको सामूहिकीकरणको योजनाहरु विकास गर्ने स्पष्ट कार्ययोजना विकास गरी आगामी पन्ध्रौं योजना मार्फत् कार्यन्यन गर्ने | समुदायमा आधारित कृषिसम्बन्धी बीमा र जोखिम हस्तान्तरणका कार्यक्रमको विस्तार हुने | २०७८ | सहकारी तथा गरीबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, कृषि विकास मन्त्रालय, पशु विकास मन्त्रालय, बीमा समिति |
| ३.३.६ | विपद् जोखिम बीमा, जोखिम हस्तान्तरण लगायतका कार्यक्रममा निजी क्षेत्रको सहभागिता र लगानीलाई आकर्षित गर्न नीतिगत व्यवस्था | विपद् जोखिम वीमा र जोखिम हस्तान्तरणका कार्यक्रममा निजी क्षेत्रको सहभागिता | २०७८ | बीमा समिति, अर्थ मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ |

| | | | | |
|---|---|---|---|---|
| | गरी सार्वजनिक– निजी साझेदारीलाई प्रवर्द्धन गर्न कार्ययोजना बनाई लागू गर्ने | अभिबृद्धि हुने | | |

## कार्यसूची ४: आपतकालीन समस्या अत्यावश्यक सेवा र संरचनाहरुको निरन्तरताको प्रत्याभूति

हालको स्थिति

- २०७२ को भूकम्प र त्यसअघिका मुख्य विपद्का घटनाहरु पश्चात् नेपालमा आपतकालिन समयमा अत्यावश्यक सेवाहरुको प्रकार्य र संरचना अवरुद्ध हुने गरेको छ।
- विद्यालय भवन र स्वास्थ्य चौकी/उपचौकीहरुको संरचनागत र प्रकार्यगत निरन्तरता विखण्डित हुने गरेको छ। विद्यालय भवनहरूको कमजोर भौतिक संरचना स्पष्ट महशूस भएको छ।
- अस्पतालहरुको आपतकालिन उपचार पद्दति, तालिम संयन्त्र, स्थान र व्यवस्थापकीय पूर्व तयारीको अभावमा अवरुद्ध हुने गरेको छ।
- बाढी, पहिरो, भूकम्प, डुवान लगायतका समस्याले मुख्य र सहायक राजमार्गहरु बेलाबेलामा अवरुद्ध भैरहने स्थिति छ।
- काठमाडौंस्थित एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल आफैंमा जोखिमग्रस्त अवस्थामा छ। कुनै पनि ठूलो विपद्को स्थितिमा हवाईमार्गको हिसाबमा नेपालको बाँकी विश्वबाट सम्पर्क नटुट्ने अवस्थाको बैकल्पिक तयारी गर्न बाँकी छ।

कार्ययोजना ४

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ३.४.१ | नेपालको सन्दर्भमा आपतकालिन समयमा अत्यावश्यक सेवा र संरचनाको सम्भावित स्थितिको स्पष्ट नीतिगत परिभाषा र पहिचान गरी तिनको संरचनागत र प्रकार्यगत निरन्तरताको प्रवलीकरण र विकल्पहरुको स्पष्ट योजना विकास गरी लागू गर्ने | ठूला विपद्पछिको आपतकालीन अवस्थामा पनि अत्यावश्यक सेवा र संरचनाहरू निरन्तर सेवामा रहने | २०७८ | गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, भौतिक निर्माण तथा यातायात मन्त्रालय |
| ३.४.२ | देशको सम्पूर्ण विद्यालयहरुलाई सबैभन्दा मजवुत संरचनाको रुपमा निर्माण, पुन निर्माण र | विद्यालय भवनहरूको सवलीकरण र | २०८७ | शिक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा |

| | | | | |
|---|---|---|---|---|
| | प्रवलीकरण गरी ठूला विपद्को अवस्थामा सुरक्षित आपतकालिन आवाशीय सेवा समेत प्रदान गर्न सक्ने गरी रुपान्तरण गर्न एउटा कार्ययोजनाको विकास गरी लागू गर्ने | प्रवलीकरण भई आपतकालीन अवस्थामा ती विद्यालय परिसर सुरक्षित आवासीय क्षेत्रमा रुपान्तरण गर्नसकिने स्थिति बन्ने | | स्थानीय विकास मन्त्रालय, स्थानीय तह |
| ३.४.३ | अस्पतालहरुको र समग्र स्वास्थ्य सेवाको आपतकालीन उपचार क्षमता अभिवृद्धि गर्न एउटा कार्ययोजनाको विकास गरी लागू गर्ने | अस्पताल र स्वास्थ्य चौकीहरूबाट प्रदान गरिने सेवा आपतकालीन समयमा पनि सुचारु रहने स्थिति बन्ने | २०८३ | स्वास्थ्य मन्त्रालय, ठूला र क्षेत्रीय अस्पतालहरु, स्थानीय तह |
| ३.४.४ | मुख्य सहायक र भित्री मार्ग र राजमार्गहरुको आपतकालिन रणनीतिक महत्व पहिचान गरी तिनको जोखिम र विपद् सहनशीलताको मुल्यांकन गरी प्रवलीकरण गर्ने । बैकल्पिक मार्गको स्पष्ट पहिचान, प्राथमिकीकरण गरी राजमार्ग निर्माण र सवलीकरणको कार्ययोजनाको विकास गरी लागू गर्ने | वैकल्पिक मार्ग र राजमार्गहरूको पहिचान र प्रवलीकरण भई विपद्को अवस्थामा पनि आवागमन अवरुद्ध नहुने स्थिति बन्ने | २०८३ | भौतिक निर्माण तथा यातायात मन्त्रालय |
| ३.४.५ | निर्माणाधीन नयाँ र अन्तर्राष्ट्रिय वा क्षेत्रीय विमानस्थलहरुको भूकम्प प्रतिरोधी निर्माण गर्ने । त्रिअविलाई संरचनात्मक र प्रकार्यगत हिसाबले क्षमता अभिवृद्धि र सवलीकरण गर्ने | विमानस्थलहरू खास गरी त्रिअविको सवलीकरण भई भूकम्प प्रतिरोधी क्षमता बढ्ने | २०८३ | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय<br>नेपाली सेना |
| ३.४.६ | ठूला विपद्को अवस्थामा सुरक्षित खानेपानी र शौचालयको निरन्तरताको लागि एउटा कार्ययोजनाको बनाई लागू गर्ने | ठूला विपद्पछिको आपतकालीन अवस्थामा पनि सुरक्षित खानेपानी र वैकल्पिक शौचालयको सेवाले निरन्तरता पाउने | २०८३ | खानेपानि तथा सरसफाई मन्त्रालय<br>भौतिक निर्माण तथा यातायात मन्त्रालय |

(४)

## प्रभावकारी प्रतिकार्य र "झनै राम्रो निर्माण"को लागि विपद् पूर्वतयारी

विपद् पूर्वतयारीको कार्यले मुख्य रूपमा प्रकोपका घटना र तिनको असरको पूर्वानुमान, जुध्ने क्षमता र पूर्व लाभसँग सम्वद्ध ज्ञान र क्षमतालाई समेट्दछ । यसले विपद् जोखिम व्यवस्थापनको परिधिमा रहेर आपतकालिनको व्यवस्थापन र उद्दार । राहत देखि दिगो पुनर्लाभको स्थितिसम्मको क्रमवद्ध संक्रमणलाई समेट्दछ । यस अन्तर्गत मूलरुपमा विपद् जोखिमको सही आंकलन, पूर्वसूचना प्रणाली, आकस्मिक योजना, आकस्मिक सामाग्रीको जोहो र भण्डारण सुरक्षित निष्काशन र कृत्रिम पूर्व अभ्यास पर्दछन् ।

प्रतिकार्यले विपद्को स्थितिमा वा त्यसपछि लगत्तै आपतकालिन सेवा र सहयोगको कामलाई समेट्दछ । मानवीय जीवनको रक्षा र थप भौतिक क्षति हुनबाट रोक्नु यो समयको प्राथमिकतायुक्त कार्य हो । उद्दार, खोज, राहत, आपतकालिन स्वास्थ्य सेवा, अस्थायी आश्रय, सुरक्षित पानी र सफाई तथा खानाको व्यवस्था यस समयका प्राथमिकतायुक्त कार्य हुन् ।

आपकालिन चरण सकिए पछि विपद् प्रभावित सेवा र सुविधाहरुमा सुधार र सामान्यीकरण, आय आर्जन र जीविकोपार्जन जस्ता पुनर्लाभका कार्यहरु पदर्छन । जनचेतनाको व्यापक अभिवृद्धि, सवल योजना र संस्थागत सुदृढिकरण र समन्वयद्वारा पुनःस्थापना र पुनः निर्माणका काम मार्फत झन् राम्रो निर्माण अभियान पनि यही चरणमा शुरु हुन सक्छ ।

प्रभावकारी प्रतिकार्य र झनै राम्रो निर्माणको लागि विपद् पूर्वतयारीका मुख्य पक्षहरूरु निम्नवमोजिम छन् -

- § नीतिगत कार्य संरचनाहरुको सुदृढीकरण र अद्यावधिकरण ।
- § क्षमता अभिवृद्धि र कार्य संयन्त्रहरुको तयारी ।
- § आपतकालीन समयमा चुस्त प्रतिकार्यका लागि पूर्व तयारी

### कार्यसूची १ : नीतिगत कार्यसंरचनाहरुको सुदृढीकरण र अद्यावधीकरण

हालको स्थिति

- § राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७० (NDRF) ले राष्ट्रियस्तरको विपद् प्रतिकार्यको एउटा ढाँचा तयार गरे पनि २०७२ को भूकम्पपछिको राहत, उद्दार र पुनर्निर्माणको कार्यमा समन्वयको अभाव टड्कारो देखियो ।

- § मुलुक संघीय ढाँचामा गइसकेको स्थितिमा विपद् प्रतिकार्यको कार्यढाँचाले पनि यसलाई आत्मसात् गर्नु जरुरी रहेको ।

§ विपद् पश्चात् पनर्लाभ कार्यढाँचा २०७३ कार्यान्वयनमा ल्याइए पनि पुन:निर्माणको गतिले तीव्रता लिन नसकेको ।

§ ठूला विपद्का घटनापछि अस्तव्यस्त बन्ने सेवा सुविधालाई यथास्थितिमा पुनः संचालनमा ल्याउन क्षेत्रगत योजनाको अभाव रहेको ।

§ विपद्का घटनापछि स्वत:स्फूर्त रुपमा आउने जागरुकता, मानवीय सहयोगको भावना र राहत सहयोगको एकीकृत प्रयोग हुन नसकी हरेक पटक अलमल, द्विविधा र अन्तरविरोध देखापर्ने गरेको ।

कार्ययोजना १

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ४.१.१ | २०७२ को भूकम्प पश्चात् उद्धार, खोज र राहत वितरणको व्यवस्थापनमा देखिएको शुष्कता र समन्वयको अभाव तथा मुलुक संघीयतामा प्रवेश गरेको यथार्थलाई मध्यनजर गर्दै विद्यमान राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा (NDRF), २०७० को समीक्षा र परिमार्जन गर्ने | अद्यावधिक र व्यावहारिक नयाँ “राष्ट्रि विपद् प्रतिकार्य कार्यढाँचा” तयार भई कार्यान्वयनमा आउने | २०७८ | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, गृह मन्त्रालय, नेपाल रेडक्रस सोसाइटी नेपाली सेना |
| ४.१.२ | भूकम्पपछिको पुनर्निर्माण अभियानमा देखिएको नीतिगत, संस्थागत, श्रोतपरिचालन र समन्वयको अभाव समेतका अनुभवका आधारमा विद्यमान “विपद् पश्चातको पुनर्लाभ कार्यढाँचा” (PDRF) २०७३ को समीक्षा र परिमार्जन गर्ने | अद्यावधिक, व्यावहारिक र नयाँ “विपद् पश्चातका् पुनर्लाभ कार्यढाँचा” तयार भई प्रयोगमा आउने | २०७८ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, शहरी विकास मन्त्रालय, स्थानीय तह शिक्षा मन्त्रालय स्वास्थ्य मन्त्रालय संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ४.१.३ | विपद् पश्चातको क्षेत्रगतढ (sectoral) कार्यहरुको निरन्तरताको लागि राष्ट्रिय निर्देशिकाको तर्जुमा | विपद् पश्चात्को क्षेत्रगत कार्यहरूको निरन्तरताका लागि राष्ट्रिय निर्देशिका तयार भई प्रयोगमा आउने | २०७८ | गृह मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| ४.१.४ | विपद्का घटना पश्चात घटनास्थलमै पुगी राहत | राहत सामग्रीको वितरणका समयमा | २०७८ | गृह मन्त्रालय, रक्षा मन्त्रालय, |

| | | | | |
|---|---|---|---|---|
| | सामाग्री प्रत्यक्ष रुपमा वितरण गर्ने मानवीय मनोभावनाको कदर गर्न, तर राहतको वितरण र परिचालनमा दोहोरोपन आउन नदिन स्पष्ट निर्देशिका (SOP) तर्जुमा गरी लागू गर्ने | समन्वय र एकद्वार प्रणाली प्रभावकारी रुपमा कायम रहने | | नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी |

**कार्यसूची २: क्षमता अभिवृद्धि र कार्य संरचनाहरुको तयारी**

हालको स्थिति

- सरकारी, गैरसरकारी, सामुदायिक र मानवीय सहायता (परोपकार) जस्ता विभिन्न फाँटमा रहेर काम गर्ने मानवीय र संस्थागत क्षमता आंकलन, आवश्यकताको पहिचान र क्षमता अभिवृद्धिका लागि निरन्तर काम गर्ने, विश्वासनीय संस्थाको अभाव ।
- तीनवटै सुरक्षा निकाय आपतकालिन खोज तथा उद्दारको कार्यमा संलग्न हुने गरेको भएपनि कार्यगतरुपमा दक्ष र श्रोत साधनयुक्त जिम्मेवारी पाएको एकीकृत सुरक्षा निकायको विकास हुन बाँकी रहेको ।
- समुदायमा आधारित, तालिम प्राप्त प्रथम उद्दारकहरु (first responders) को सञ्जाल खडा गर्न नसकिएको ।
- आपकालीन हर स्थितिमा काम गर्नसक्ने अभ्यस्तताको विकासको निमित्त समय-समयमा गरिरहनु पर्ने पूर्वाभ्यासका कामहरु निरन्तर गर्न नसकिएको ।
- आगलागी, डढेलो जस्ता प्रकोपहरु निरन्तर हुने गरे पनि अगलागी नियन्त्रणमा ल्याउन तालिम प्राप्त श्रोत साधनयुक्त सेवाको प्रत्याभूति गर्न नसकिएको ।

कार्ययोजना २

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ४.२.१ | राष्ट्रिय स्तरमा विपद् प्रतिकार्य क्षमता र निरन्तर तालिमको आवश्यकतालाई सम्वोधन गर्न क्षमता, श्रोत र स्पष्ट जिम्मेवारी सहितको एउटा राष्ट्रिय विपद् व्यवस्थापन तालिम तथा श्रोत केन्द्रको आबश्यकता भएकोले | राष्ट्रिय स्तरको क्षमता सम्पन्न “विपद् व्यवस्थापन तालिम तथा स्रोत केन्द्र”को स्थापना भई क्षमता अभिवृद्धिका कामहरू नियमित | २०७८ | कानून मन्त्रालय गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग |

| | | | | |
|---|---|---|---|---|
| | आबश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने | र संस्थागत हुने | | |
| ४.२.२ क | खोज, उद्दार र राहतको काममा दक्षता, चुस्तता र प्रभावकारी समन्वयको लागि कुनै एउटा सुरक्षा निकाय लाई INSARAG मापदण्ड अनुरुपको एकीकृत खोज तथा उद्दार (SAR) वलको रुपमा रुपान्तरण गर्ने नीतिगत, कानूनी र संस्थागत व्यबस्था गर्ने | राष्ट्रिय विपद्को घडीमा पनि प्रभावकारी रुपमा खोज तथा उद्धार गर्नसक्ने क्षमतावान र एकीकृत सुरक्षा बल तयार हुने | २०८३ | नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, गृह मन्त्रालय, |
| ४.२.२ ख | नेपाली सेना र नेपाल प्रहरीलाई surge क्षमताको अभिवृद्धिमा परिचालन गर्ने | नेपाली सेना र नेपाल प्रहरी surge क्षमताको अभिवृद्धिमा प्रभावकारी रुपमा परिचालित भएको हुने | २०८३ | नेपाली सेना, नेपाल प्रहरी |
| ४.२.३ | आपतकालीन समयमा काम गर्नसक्ने क्ष्मताको प्रत्याभूतिका लागि पूर्व अभ्यासका काम (mock drills, evacuation) लाई समयवद्ध रुपमा सञ्चालन गर्ने कार्ययोजना बनाई संस्थागत जिम्वेवारी तोक्ने | पूर्वअभ्यासका कामलाई “खोज तथा उद्धार एकीकृत सुरक्षा बल” ले प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई पूर्वयारी सुदृढ बनाउने | २०८३ | नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी |
| ४.२.४ | मुलुकमा आगलागी नियन्त्रणको क्षमता अभिवृद्धि गर्ने एउटा एकीकृत अग्नी नियन्त्रक समूह खडा गरी श्रोत, साधन र तालिम मार्फत क्षमता अभिवृद्धि गर्न स्पष्ट कार्यदेश सहितको कार्ययोजना बनाई लागू गर्ने | आगलागी नियन्त्रणका लागि सक्षम र स्रोत साधनयुक्त एकीकृत “अग्नि नियन्त्रण समूह” रणनीतिक रुपमा हरदम तयार अवस्थामा रहने | २०८७ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय तह, नेपाल वारुण यन्त्र |

## कार्यसूची ३ आपतकालीन समयमा चुस्त प्रतिकार्यका लागि पूर्वतयारी

हालको स्थिति

- विपद् जोखिम, प्रकोप र संकटासन्नको बारेमा समुदायमा काम गर्ने, सचेतना बढाउने, जनतालाई हरदम सुसूचित राख्ने र पचािलन गर्न सक्ने संस्थागत संरचनाको अभाव । समुदाय तहमा विपद् जोखिमलाई सग्लो प्राथमिकतामा राखेर काम गर्ने गैरसरकारी संस्थाको निरन्तर अभाव ।

- स्थानीय निकाय गठन हुने क्रम जारी रहेकाले त्यस्ता निकायलाई विपद् जोखिम व्यवस्थापनलाई प्राथमिकतामा राख्न उत्प्रेरित गर्न सकिने सम्भावना बाँकी रहेको ।

- ठूला विपद् पश्चात सम्वोधन गरिनु पर्ने सामाजिक मनोपरामर्श र मानसिक स्वास्थ्यको सेवामा अझै ध्यान जान नसकेको ।

- विपद् पश्चातको झनै राम्रो निर्माणको सम्भावनालाई चरित्रार्थ पार्न पुनः निर्माण र पुनः स्थापना अवधिका लागि स्तरीय निर्माण सामाग्रीको आपूर्ति र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउने संस्कृतिको विकास गर्न बाँकी रहेको ।

कार्ययोजना ३

| कोड | रणनीतिक क्रियाकलाप | अपेक्षित परिणम | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| ४.३.१ | विपद् जोखिम न्यूनीकरणका लागि समुदायमा आधारित केन्द्रहरुको क्षमता अभिवृद्धि र सञ्जालिकरण गर्न गैरसरकारी संस्था, महिला सहकारी समूह हरु र स्थानीय युवा क्लव हरुलाई परिचालन गर्न स्रोत र कार्यादेश सहितको स्पष्ट कार्ययोजना बनाई लागू गर्ने | समुदायमा आधारित मौजुदा समूहहरू स्थानीय स्तरका विपद् जोखिम न्यूनीकरण समूहको रुपमा रुपान्तरित हुनथाल्ने | २०८३ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गैरसरकारी संस्था महासंघ |
| ४.३.२ | नवगठित स्थानीय निकायको संस्थागत, नीतिगत र कार्यक्रमिक क्षमता अभिवृद्धि गरी तिनको कार्य क्षेत्रमा विपद् जोखिम न्यूनीकरणले प्राथमिकता पाउने कुराको प्रत्याभूति गर्न स्पष्ट कार्ययोजना सहित क्षमता अभिबृद्धिको एकीकृत कार्यकम सञ्चालन गर्ने | स्थानीय निकायका कार्यक्रम र प्राथमिकताहरूमा विपद् जोखिम न्यूनीकरणको मूलप्रवाहीकरण भएको हुने | २०७८ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शहरी विकास मन्त्रालय, गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |

| | | | | |
|---|---|---|---|---|
| ४.३.३ | विपद् पश्चातको अवधिमा आवश्यक सामाजिक मनोपरामर्श र मानसिक स्वास्थ्यको प्रवर्द्धन गर्न तालिम प्राप्त र दक्ष मानवीय श्रोतको विकास कार्ययोजना तयार गर्ने | विपद् र विपद् पश्चात्को स्थितिमा आवश्यक सामाजिक मनोपरामर्शका लागि तालिम प्राप्त जगेडा मानवीय स्रोतको विकास भएको हुने | २०८७ | त्रिभुवन विश्वविद्यालय, मनोविज्ञान केन्द्रीय विभाग, नेपाल रेडक्रस सोसाइटी गैरसरकारी संस्थाहरु |
| ४.३.४ | भूकम्प प्रतिरोधक र जोखिम प्रतिरोधक पुनर्निर्माणका लागि स्तरीय निर्माण सामाग्रीको निरन्तर आपूर्तिलाई प्रत्याभूत गर्न निजी क्षेत्रसँग सहकार्य विकास गर्ने गरी एउटा स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | भूकम्प प्रतिरोधी भौतिक निर्माणलाई अवसरको रुपमा लिँदै त्यसलाई सघाउन निजी क्षेत्र र व्यवसायी समूहहरुको क्षमता अभिवृद्धि भई आवश्यकताको आधारमा परिचालित हुने स्थिति बन्ने । | २०८७ | भौतिक निर्माण तथा यातायात मन्त्रालय, आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, ट्रक ट्यांकर र यातायात व्यवसायी महासंघ |
| ४.३.५ | निर्माणकर्मी, डकर्मी, सिकर्मी, ठेकेदार र आपूर्तिकर्तालाई तालिम, शीप र चेतना मार्फत झनै राम्रो निर्माणका दिशामा लाग्न निरन्तर तालिम सञ्चालन गर्ने । | भूकम्प प्रतिरोधी निर्माणका लागि तालिम प्राप्त निर्माणकर्मी र आपूर्तिकर्ताहरूको समूह विकास हुने | २०७८ | श्रम मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल निर्माण व्यवसायी महासंघ |
| ४.३.६ | जोखिम प्रतिरोधक निर्माण कार्यका लागि योग्य डकर्मी, सिकर्मी, ठेकेदारको प्रमाणीकरण स्थानीय तहले गर्ने कानुनी व्यवस्था मिलाउन क्षमता अभिवृद्धिको कार्ययाजना बनाई लागू गर्ने | तालिम प्राप्त निर्माणकर्मीको शीपको प्रमाणीकरण र सुपरिवेक्षण गर्ने संस्थागत जिम्मेवारी लिन स्थानीय निकाय सक्षम हुने | २०८३ | श्रम मन्त्रालय, शहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नेपाल निर्माण व्यवसायी महासंघ |